# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

### गाउँ कार्यपालिकाको बैठक

मिति :२०८२/१२/२०

बैठक संख्या : ०९-२०८२/०८३

समय : बिहानको ११:०० बजेदेखि

आज मिति २०८२ चैत्र २० गते शुक्रबारका दिन रोङ गाउँपालिकाका अध्यक्ष श्री मनि कुमार स्याङ्बो ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो :

**उपस्थिति :**

| क्र. सं. | नाम, थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री मनि कुमार स्याङ्बो | अध्यक्ष | ९८५२६७८७३२ | |
| २ | श्री विष्णुमाया खवास | उपाध्यक्ष | ९८४४६३१५१७ | |
| ३ | श्री मनोहरि खड्का | १ नं. वडा अध्यक्ष | ९८५२६४०५७० | |
| ४ | श्री चन्द्र शेखर घिमिरे | २ नं. वडा अध्यक्ष | ९८१६९५३४९३ | |
| ५ | श्री मातृका बराल | ३ नं. वडा अध्यक्ष | ९८४२६२४११४ | |
| ६ | श्री राज कुमार लाप्चा | ४ नं. वडा अध्यक्ष | ९८१४०४०२९४ | |
| ७ | श्री दल बहादुर पुलामी | ५ नं. वडा अध्यक्ष | ९८४१७००३४० | |
| ८ | श्री सत्यम राई चौरासे | ६ नं. वडा अध्यक्ष | ९८६४९१२३२ | |
| ९ | श्री नानू तामाङ | कार्यपालिका सदस्य | ९८१४९१२२३१ | |
| १० | श्री मिनादेवी तामाङ | कार्यपालिका सदस्य | ९८२४९६७९६२ | मिना |
| ११ | श्री लक्ष्मी नेपाली | कार्यपालिका सदस्य | ९८१४०८७४७१ | |
| १२ | श्री इन्दिरा देवी विश्वकर्मा | कार्यपालिका सदस्य | ९८०४९२९०९९ | |
| १३ | श्री युवराज खाम्बुवा राई | कार्यपालिका सदस्य | ९८४२६६८३१४ | |
| १४ | श्री दया कुमारी दियाली | कार्यपालिका सदस्य | ९८१६०३२६०७ | दया |
| १५ | श्री विनोद कुमार चौहान | सचिव | ९८५२६४२०२० | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# रोङ गाउँपालिका
## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

**मिति** :२०८२/१२/२०

**बैठक संख्या :** ०९-२०८२/०८३

**समय** : बिहानको ११:० बजेदेखि

---

प्रस्ताव १ : अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

निर्णय १ : कार्यपालिकाको मिति : २०८२/०९/१४ गतेको बैठकको निर्णय कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो ।

प्रस्ताव २ : सेवा प्रवाहको समीक्षा सम्बन्धमा ।

निर्णय २ : गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा गाउँ कार्यपालिका मातहतका अन्य कार्यालयबाट भइरहेका सेवा प्रवाहको समीक्षा गरियो । कमी कमजोरीहरु हटाउँदै अघि बढ्ने निर्णय गरियो ।

प्रस्ताव ३ : आर्थिक तथा प्रशासनिक कामकारबाहीहरुको अनुमोदन गर्ने सम्बन्धमा ।

निर्णय ३ : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट चालू आर्थिक वर्ष २०८२/०८३ मा हालसम्म भएका योजना तथा कार्यक्रमको भुक्तानीका साथै नियमित तथा आकस्मिक प्रकृतिका सम्पूर्ण आर्थिक कारोबार तथा प्रशासनिक कामकारबाहीहरुलाई अनुमोदन गर्ने ।

प्रस्ताव ४ : पाथीभरा मन्दिरको जिन्सी व्यवस्थापन सम्बन्धमा ।

निर्णय ४ : पाथीभरा मन्दिरको जिन्सी व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम गर्ने :

i. रोङ गाउँपालिका, वडा नं. ३ मा अवस्थित धार्मिक स्थल पाथिभरा मन्दिरको आन्तरिक लेखापरीक्षण सम्बन्धी प्रतिवेदन (मिति २०८२ फाल्गुन मसान्तसम्म) आन्तरिक लेखापरीक्षकबाट पेश भई आएको सन्दर्भमा सो प्रतिवेदनमाथि छलफल तथा समीक्षा गरियो ।

ii. उक्त प्रतिवेदनमा लेखापरीक्षकद्वारा औंल्याइएका देहायका सुझाबहरूलाई कार्यान्वयन गर्ने :

१. मन्दिरमा संकलित भारतीय रुपैयाँ लगायत अन्य विदेशी मुद्राहरू बैंकिङ प्रणालीमार्फत संकलन तथा व्यवस्थापन गर्ने आवश्यक व्यवस्था मिलाउने ।

२. नगद, विदेशी मुद्रा लगायत सम्पूर्ण आर्थिक कारोबारको अभिलेखीकरण तथा व्यवस्थापनका लागि Multi-user Cloud Based Software, थर्मल प्रिन्टर लगायत आवश्यक सूचना प्रविधिको प्रयोगमा ल्याउने व्यवस्था गर्ने ।

३. बैंकिङ कारोबारमा चेक प्रणालीलाई क्रमशः प्रतिस्थापन गरी Standing Instruction प्रणालीमार्फत प्रत्येक महिनाको अन्त्यमा मौज्दात रकम स्वतः रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको खातामा रकमान्तर हुने व्यवस्था मिलाउने ।

iii. रोङ गाउँपालिका, वडा नं. - ३ स्थित पाथीभरा मन्दिरमा भक्तजनहरूद्वारा चढाइएका सुन, चाँदी, तामा, पित्तल, काँस, झर्के लगायत बहुमूल्य धातु तथा जिन्सी सामग्रीहरूको परिमाण यसअघि नै

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

यकीन भइसकेको हुँदा उक्त बहुमूल्य धातु तथा जिन्सी सामग्रीको संरक्षण, व्यवस्थापन तथा उपयोग सम्बन्धमा आवश्यक अध्ययन तथा विश्लेषण गरी सिफारिस सहितको प्रतिवेदन यथाशीघ्र पेश गर्न देहाय बमोजिम कार्यदल गठन गर्ने :

देहाय :

१. श्री दिनेश बराल (अधिकृत सातौं) : संयोजक
२. श्री नेत्र प्रसाद पोख्रेल (अधिकृत छैटौं) : सदस्य
३. श्री मिङ्मा रिन्जी शेर्पा (पशु सेवा शाखा प्रमुख) : सदस्य
४. श्री नारायण अर्याल (अधिकृत छैटौं) : सदस्य
५. श्री शोभाकान्त राउत (सब-इन्जिनियर) : सदस्य

प्रस्ताव ५ : कोशी प्रदेश सरकार समपूरक अनुदान माग गर्ने सम्बन्धमा।

निर्णय ५ : आ. व. २०८३/०८४ र २०८४/०८५ सम्मका लागि देहायका योजना सञ्चालन गर्न कोशी प्रदेश समपूरक अनुदान माग गर्ने :

देहाय :

| क्र. सं. | योजनाको नाम | जम्मा बजेट | प्रदेश समपूरक अन्तर्गत माग गर्ने रु. | गाउँपालिकाको तर्फबाट रु. | योजनाको अवधि |
|---|---|---|---|---|---|
| १ | हर्कटे - दैले - जौबारी - कुवापानी - लिम्बूगाउँ - पाखागाउँ - लामिटार - सेङलेङटार सडक | २ करोड | १ करोड २० लाख | ८० लाख | २ वर्ष |
| २ | हाँसपोखरी - मझुवा -सारुपाखा - मुर्चुङ्गे - नाखोपा - बेसीबजार सडक | २ करोड | १ करोड २० लाख | ८० लाख | २ वर्ष |

प्रस्ताव ६ : सडक बोर्डबाट प्राप्त बजेटबाट स्तरोन्नति गरिने सडक पहिचान गर्ने सम्बन्धमा।

निर्णय ६ : चालू आ. व. २०८२/०८३ मा रोङ गाउँपालिकाको लागि सडक बोर्डबाट प्राप्त रु. ७ लाखमा गाउँपालिकाको तर्फबाट लागत सहभागिता जनाई देहायको सडक मर्मत गर्ने (स्रोत : लागत साझेदारी) :

देहाय :

| क्र. सं. | योजनाको नाम | जम्मा बजेट रु. | सडक बोर्डबाट प्राप्त हुने रु. | गाउँपालिकाको तर्फबाट रु. |
|---|---|---|---|---|

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | | | %) |
| १ | सुनमाई - हल्लुँडे सडक स्तरोन्नति (रोङ - ४) | १०,००,०००।- | ७,००,०००।- | ३,००,०००।- |

प्रस्ताव ७ : मेशिन भाडामा लिई योजना सञ्चालन गर्ने सम्बन्धमा।

निर्णय ७ : चालू आ. व. २०८२/०८३ मा रोङ गाउँपालिका अन्तर्गत रहेका विभिन्न सडकहरूको मर्मत कार्य, ग्राभेल गर्ने तथा नयाँ ट्र्याक खोल्ने कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक पर्ने निर्माण उपकरणहरू (मेशिन) गाउँपालिकामा अपर्याप्त भएको हुँदा सो कार्यलाई समयमै सम्पन्न गर्नका लागि तीन (३) वटा स्काभेटर तथा एक (१) वटा (ब्याकहो लोडर) जम्मा ७०० (सात सय) घण्टाको लागि प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम भाडामा लिने। उक्त मेशिनहरूको भाडा, सञ्चालन, व्यवस्थापन तथा अनुगमन सम्बन्धी कार्य प्रचलित कानूनी व्यवस्था तथा गाउँपालिकाको स्वीकृत कार्यविधि बमोजिम हुने।

प्रस्ताव ८ : शान्ति निकेतन माध्यमिक विद्यालयको जग्गामा रहेको चियाबारी व्यवस्थापन सम्बन्धमा।

निर्णय ८ : रोङ गाउँपालिका, वडा नं. - ३ स्थित श्री शान्ति निकेतन माध्यमिक विद्यालयको स्वमित्वमा रहेको जग्गामा स्थापना गरिएको चियाबारी व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम गर्ने :

(क) स्वीकृत लागत अनुमानका आधारमा उक्त चियाबारीको तत्काल गोडमेल तथा मलजल गर्ने। उक्त कार्य व्यवस्थापन कार्य यस गाउँपालिकाको 'अन्य सेवा शुल्क' बाट सञ्चालन गर्ने निर्णय गरियो।

(ख) उक्त चियाबारीको दैनिक हेरचाह, संरक्षण, गोडमेल, सरसफाई, व्यवस्थापन गर्नका लागि रोङ गाउँपालिका, वडा नं. - ३ निवासी श्री जयराम राईलाई मिति २०८३ वैशाख १ गतेदेखि लागू हुने गरी मासिक रु. १२,०००/- (रुपैयाँ बाह्र हजार मात्र) मा नबढ्ने गरी दैनिक ज्यालादारीका हिसाबले खटाउने।

(ग) उक्त चियाबारीको दीगो उत्पादन, व्यवस्थापन, सञ्चालन, अनुगमन तथा जिम्मेवारी निर्धारणका लागि इको चिया सहकारी संस्था, श्री शान्ति निकेतन माध्यमिक विद्यालय, वडा नं. ३ को कार्यालय तथा यस रोङ गाउँपालिकाको कृषि शाखा बीच कर्तव्य, अधिकार र जिम्मेवारी स्पष्ट हुने गरी समझदारी पत्र (MoU) तयार गरी कार्यान्वयन गर्ने।

प्रस्ताव ९ : राष्ट्रिय रोजगार कार्यक्रम सम्बन्धमा।

निर्णय ९ : राष्ट्रिय रोजगार कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने :

(घ) 'राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२' को दफा ११ बमोजिम देहाय अनुसार स्थानीय कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने :

१. श्री मनि कुमार स्याङ्बो, गाउँपालिका अध्यक्ष - अध्यक्ष

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

२. श्री विनोद कुमार चौहान, प्रमुख प्रशासकीय अधिकृत - सदस्य

३. श्री सत्यम राई चौरासे, संयोजक - सदस्य

४. श्री मनिष भट्टराई, आर्थिक प्रशासन प्रमुख - सदस्य

५. श्री .................... , सामाजिक विकास शाखा प्रमुख - सदस्य

६. श्री गोपाली निरौला, स्थानीय तहमा रहेका बैंक तथा वित्तीय संस्था प्रतिनिधि - सदस्य

७. श्री नगेन राई, उद्योग वाणिज्य संघ प्रतिनिधि - सदस्य

८. श्री सुरभी गुरुङ, रोजगार संयोजक - सदस्य - सचिव

उक्त समितिले प्रचलित कानून, निर्देशिका तथा गाउँपालिकाको स्वीकृत कार्यक्रम बमोजिम रोजगार कार्यक्रमको कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यहरू सम्पादन गर्नेछ।

प्रस्ताव १० : प्रमुख प्रशासकीय भवन व्यवस्थापन सम्बन्धमा।

निर्णय १० : रोङ गाउँपालिकाको हालको मुख्य कार्यालयबाट रोङ गाउँपालिका, वडा नं. - ४, पहरीगाउँमा निर्माण सम्पन्न हुन लागेको मुख्य कार्यालय भवनमा स्थानान्तरण गर्ने कार्य अन्तिम चरणमा पुगेको सन्दर्भमा कार्यालय परिसरको समुचित व्यवस्थापन, सौन्दर्यकरण तथा सांस्कृतिक पहिचान अभिवृद्धि गर्ने उद्देश्यले देहाय बमोजिम कार्यहरू गर्ने :

(क) मुख्य कार्यालयको प्रवेशद्वार (कारपोर्ट) क्षेत्रमा लोपोन्मुख लेप्चा जाति को संस्कृति, रहनसहन, भेषभूषा तथा भाषिक पहिचान झल्किने गरी सौन्दर्यकरण तथा सजावट गर्ने।

(ख) कार्यालय परिसरभित्र वातावरणीय सौन्दर्य अभिवृद्धि गर्ने उद्देश्यले व्यवस्थित फूलबारी (गार्डेन) निर्माण गर्ने।

(ग) कार्यालय भवनका भित्ताहरूमा प्रेरणादायी सन्देश, प्रचलित कानूनी व्यवस्था सम्बन्धी सूचना तथा रोङ गाउँपालिकाद्वारा सञ्चालन गरिएका प्रमुख परियोजनाहरु (Signature Projects) झल्किने सामग्रीहरू प्रदर्शन तथा सजावट गर्ने।

(घ) यस रोङ गाउँपालिकाको मुख्य कार्यालयको दैनिक कार्यसम्पादन र सेवाग्राहीको चापलाई मध्यनजर गर्दै स्वच्छ र पर्याप्त खानेपानीको दीर्घकालीन व्यवस्थापनका लागि मुख्य कार्यालय रहेको क्षेत्रमा क्रियाशील स्थानीय खानेपानी आयोजना तथा उपभोक्ता समितिसँग आवश्यक समन्वय र सहकार्य गरी खानेपानीको नयाँ जडान वा व्यवस्थापनको प्रक्रिया तत्काल अगाडि बढाउने। उक्त कार्यलाई सहजीकरण एवं प्रभावकारी बनाउन रोङ गाउँपालिका, वडा नं. ४ का वडाध्यक्ष, सम्बन्धित वडाका सदस्यहरू र प्राविधिकहरू सम्मिलित टोलीलाई जिम्मेवारी दिने।

प्रस्ताव ११ : रोङ गाउँपालिका, वडा नं. ३ स्थित हाँसपोखरी क्षेत्रमा निर्माण गरिएको टहरा (स्टल) तथा पार्किङ्को व्यवस्थापन एवं सञ्चालन सम्बन्धमा।

...कुमार चौहा... प्रशासकीय अधि...

निर्णय ११ : रोङ गाउँपालिका, वडा नं. ३ स्थित हाँसपोखरी क्षेत्रमा रोङ गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा निर्माण गरिएको टहरा (स्टल) तथा पार्किङ्को प्रभावकारी व्यवस्थापन, सञ्चालन तथा नियमन गर्ने प्रयोजनार्थ प्रचलित कानून बमोजिम देहायका कार्य गर्ने :

(क) हाँसपोखरी क्षेत्रमा निर्माण भएका टहरा/स्टलहरूको मासिक भाडा दर चालू आर्थिक वर्षका लागि आर्थिक ऐन, २०८२ अनुसार कायम गर्ने र हरेक वर्षको आर्थिक ऐन अनुसार भाडा दर कायम हुने गरी हरेक आर्थिक वर्षको साउन महिनामा सम्झौता नवीकरण गर्ने।

(ख) उक्त क्षेत्रमा जम्मा ३० (तीस) वटा टहरा/स्टलहरु निर्माण गरिएको। सोमध्ये हालसम्म १७ (सत्र) वटा टहराहरुको सम्झौता भई भाडामा लागिसकेको। उक्त टहरा बन्नुअघिदेखि नै उक्त क्षेत्रमा व्यवसाय सञ्चालन गर्दै आएका व्यवसायीहरूसँग सम्झौता भाडामा लगाइसकिएको। बाँकी १३ (तेह्र) वटा स्टल/सटरहरूको मात्र भाडा सम्झौता गर्नुपर्ने अवस्था रहेको। यसका लागि सिद्धदेवी मन्दिर अगाडि (सडक किनारा) मा व्यवसाय सञ्चालन गर्दै आएका व्यवसायीहरूलाई प्राथमिकता दिने। चिठ्ठा प्रणाली (लटरी) मार्फत् व्यवसाय सञ्चालनको जेष्ठताको आधारमा भाडामा उपलब्ध गराउने व्यवस्था मिलाउने।

(ग) भाडामा टहरा/स्टल उपलब्ध गराउँदा व्यवसायीहरूलाई हाँसपोखरी क्षेत्र र पाथिभरा मन्दिर क्षेत्रका स्टलहरूमा दोहोरो नपर्ने गरी व्यवस्थापन गर्ने।

(घ) स्टल/सटरमा कुनै संरचनात्मक फेरबदल वा थपघट गर्नुपर्ने भएमा रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको पूर्व स्वीकृति लिएर मात्र गर्न पाइने।

(ङ) कुनै पनि स्टल/टहरा भाडा सम्झौता गरेका व्यवसायीहरूले उक्त स्टल आफूखुशी बिक्री गर्न वा लिज/भाडामा अन्य व्यक्तिलाई हस्तान्तरण गर्न नपाइने।

(च) हाँसपोखरी क्षेत्रमा निर्माण गरिएको पार्किङ् संरचना सम्पन्न भइसकेको हुँदा पूर्वाधार विकास कार्यालयसँग समन्वय गरी यथाशीघ्र सञ्चालनमा ल्याउने।

(छ) उक्त पार्किङ्स्थलमा पार्किङ् गर्दाको पार्किङ् शुल्क यस रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक ऐन, २०८२ बमोजिम असुल गर्ने तथा अन्य व्यवस्था नभएसम्म सो शुल्क गाउँपालिकाका कर्मचारीमार्फत् संकलन गर्ने व्यवस्था मिलाउने।

(ज) मेची राजमार्ग अन्तर्गत हाँसपोखरीदेखि कुट्टिडाँडासम्मको सडक किनारामा गरिंदै आएको अव्यवस्थित पार्किङ्का कारण दुर्घटनाको जोखिम बढ्दै गएको तथा सवारी आवागमन र व्यवस्थापनमा समस्या उत्पन्न भएकोले जिल्ला प्रशासन कार्यालय, इलाम, जिल्ला ट्राफिक प्रहरी कार्यालय, इलाम, हर्कटे प्रहरी चौकी तथा स्थानीय टोल विकास संस्थासँग समन्वय गरी सवारी साधनलाई निर्दिष्ट पार्किङ् क्षेत्रमा मात्र व्यवस्थापन गर्ने।

(झ) हाँसपोखरीस्थित सिद्धदेवी मन्दिर अगाडि मेची राजमार्गको दायाँ-बायाँ रहेका अस्थायी/अव्यवस्थित पसलहरू हटाई सडक निर्माण कार्य अगाडि बढाउने। साथै हाँसपोखरी क्षेत्रमा राजमार्ग मापदण्ड कायम गरी सडक निर्माण कार्य अघि बढाउने। उक्त कार्यमा सम्बन्धित टोलका टोल विकास संस्था र वडाले समन्वय गर्ने।

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

(ञ) फोहोरमैला व्यवस्थापन कार्य गाउँपालिका र टोल विकास समितिले साझेदारीमा दैनिक हाजिरामा खटाइएको कर्मचारीमार्फत गराउने तथा सो कार्यको अनुगमन, हाजिरी प्रमाणीकरण र कार्यसम्पादन मूल्याङ्कन सम्बन्धित टोल विकास संस्थाबाट गराई सोही सिफारिसका आधारमा प्रचलित नियम अनुसार सेवा सुविधा भुक्तानी गर्ने व्यवस्था मिलाउने ।

(ट) पार्किङ् व्यवस्थापन पश्चात् मेची राजमार्गमा सञ्चालन हुने सार्वजनिक सवारी साधनहरू रोक्ने स्थान तथा यात्रु चढाउने/ओराल्ने स्थान निर्धारण गर्ने । उक्त कार्य हर्कटे प्रहरी चौकी, ट्राफिक प्रहरी, टोल विकास संस्था तथा वडा नं. ३ का जनप्रतिनिधिहरूको समन्वयमा यकीन गर्ने ।

(ठ) पार्किङ् स्थल, यात्रु चढाउने/ओराल्ने स्थान लगायतका आवश्यक सूचना बोर्डहरू तयार गरी सम्बन्धित स्थानहरूमा सबैले देख्नेगरी राख्ने ।

(ड) हाँसपोखरीस्थित सिद्धदेवी मन्दिरमा भक्तजनहरूको प्रवेश कार्यलाई व्यवस्थित गर्न यसअघिको निर्णय बमोजिम मन्दिरको अगाडिको भागबाट प्रवेश निषेध गरिएको तर मन्दिर अगाडिबाट भक्तजनहरुलाई मन्दिर प्रवेश गराउने कार्य नरोकिएकोले अगाडीको भागबाट मन्दिर प्रवेशमा कडाइका साथ रोक लगाउने ।

(ढ) माथि उल्लिखित निर्णयहरूको प्रभावकारी कार्यान्वयनका लागि जिल्ला प्रशासन कार्यालय, वडा नं. ३ कार्यालय, ट्राफिक प्रहरी, हर्कटे प्रहरी चौकी, सम्बन्धित टोल विकास संस्था, स्थानीय बुद्धिजीवी तथा सरोकारवाला निकायहरूलाई आवश्यक पत्राचार गर्ने । साथै माथिको सम्पूर्ण कार्यको समन्वयकारी भूमिका निर्वाह गर्न ३ नं. वडा कार्यालय र सम्बन्धित टोल विकास संस्थालाई जिम्मेवारी प्रदान गर्ने ।

<u>प्रस्ताव १२</u> : 'गुरु किसान मार्गदर्शन' पुस्तक प्रकाशन गर्ने सम्बन्धमा ।

<u>निर्णय १२</u> : यस रोङ गाउँपालिका अन्तर्गत रहेका कृषकहरूको क्षमता अभिवृद्धि तथा ज्ञान प्रसार गर्ने उद्देश्यले तयार गरिएको 'गुरु किसान मार्गदर्शन' शीर्षकको पुस्तकलाई स्वीकृत गर्ने सर्वसम्मतिले निर्णय गरियो । साथै, उक्त पुस्तकलाई आवश्यक सम्पादन, मुद्रण तथा प्रकाशन कार्य सम्पन्न गरी मिति २०८२ चैत २३ गतेभित्र प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

<u>प्रस्ताव १३</u> : 'डिजिटल भिलेज प्रोफाइल' निर्माण सम्बन्धमा ।

<u>निर्णय १३</u> : यस रोङ गाउँपालिकाको समग्र वस्तुगत तथा विषयगत विवरण समेटिएको डिजिटल प्रोफाइल निर्माण गर्ने सम्बन्धमा यस अघि सम्पन्न गाउँ कार्यपालिकाको बैठकबाट कार्यादेश (TOR) स्वीकृत भइसकेको सन्दर्भमा बाँकी रहेका कार्यहरू तत्काल अगाडि बढाउने । साथै, डिजिटल प्रोफाइल निर्माण कार्यका लागि आवश्यक तथ्यांक संकलन तथा सर्वेक्षण कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सर्वेक्षकहरूलाई मिति २०८२ चैत २६ गतेदेखि अभिमुखीकरण तालिम प्रदान गर्ने व्यवस्था मिलाउने ।प्र

<u>प्रस्ताव १४</u> : 'गरिबी निवारणको लागि लघु उद्यम (मेड्पा) कार्यक्रम' सञ्चालन सम्बन्धमा ।

<u>निर्णय १४</u> : 'गरिबी निवारणको लागि लघु उद्यम (मेड्पा) कार्यक्रम' सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने :

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

(ख) बाँकी रकम रु. ६,७५,०००।- बाट उक्त सुन्तला खेतीको व्यवस्थापन तथा उपयोगलाई ध्यानमा राखी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नका लागि रोङ गाउँपालिका अन्तर्गत सलकपुर, सनसिटी तथा कुवापानी (वडा नं. ५ का कृषकहरू समेत समेटी) मा सुन्तला खेती सम्बन्धी आधारभूत तालिम सञ्चालन गर्ने।

(ग) तालिमकै क्रममा कृषकहरूलाई उत्पादनशीलता वृद्धि तथा कीट व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले ५०% (पचास प्रतिशत) अनुदानमा जैविक विषादि तथा कृषि सामाग्रीहरु खरिद गरी वितरण गर्ने।

<u>प्रस्ताव १७</u> : पूर्णखोप सुनिश्चितता घोषणा/दिगोपना प्रमाणीकरण सम्बन्धमा।

<u>निर्णय १७</u> : रोङ गाउँपालिकाका सबै वडाहरूबाट पूर्णखोप वडा सुनिश्चितताका लागि आवश्यक सम्पूर्ण प्रक्रिया प्रचलित निर्देशिका बमोजिम पूरा भई सम्बन्धित उमेर समूहका बालबालिकाहरूले १५ (पन्ध्र) महिनाभित्र पाउनुपर्ने सम्पूर्ण खोपहरू प्राप्त गरेको सुनिश्चितता भएको सन्दर्भमा गाउँपालिकालाई पूर्णखोप सुनिश्चितता भएको स्थानीय तहका रूपमा घोषणा/दिगोपना प्रमाणीकरण गर्ने सम्बन्धमा छलफल गरियो।

उक्त सन्दर्भमा, प्रचलित निर्देशिका तथा मापदण्ड बमोजिम आवश्यक भेरिफिकेशन (Verification) प्रक्रिया सम्पन्न गरी यस रोङ गाउँपालिकालाई पूर्णखोप सुनिश्चितता भएको घोषणा तथा दिगोपना प्रमाणीकरणका लागि जिल्ला खोप समन्वय समिति समक्ष सिफारिस गर्ने।

<u>प्रस्ताव १८</u> : स्थानीय आर्थिक गणना समन्वय समिति गठन गर्ने सम्बन्धमा।

<u>निर्णय १८</u> : 'राष्ट्रिय आर्थिक गणना सञ्चालन सम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड, २०८२' को दफा १७ बमोजिम स्थानीय तहमा आर्थिक गणना कार्यलाई प्रभावकारी, व्यवस्थित तथा समन्वयात्मक रूपमा सञ्चालन गर्न यस रोङ गाउँपालिकामा देहाय बमोजिम <u>स्थानीय आर्थिक गणना समन्वय समिति</u> गठन गर्ने :

(१) श्री मनि कुमार स्याङ्बो, गाउँपालिका अध्यक्ष - संयोजक

(२) श्री विष्णुमाया खवास, गाउँपालिका उपाध्यक्ष - सदस्य

(३) श्री नगेन राई, वाणिज्य/व्यापार संघ संस्थाका प्रतिनिधि - सदस्य

(४) श्री सुष्मा निरौला, वाणिज्य/व्यापार प्रतिनिधि - सदस्य

(५) श्री ................................, वाणिज्य/व्यापार प्रतिनिधि - सदस्य

(६) श्री बुद्धि बहादुर बोहरा, हर्कटे प्रहरी चौकी - सदस्य

(७) श्री विनोद कुमार चौहान, प्रमुख प्रशासकीय अधिकृत - सदस्य - सचिव

साथै, यस रोङ गाउँपालिकाका सबै वडा कार्यालयहरूलाई समेत वडा स्तरीय आर्थिक गणना समन्वय समिति गठन गर्न आवश्यक निर्देशनसहित पत्राचार गर्ने।

प्रस्ताव १९ : रकमान्तर गरी शैक्षिक गुणस्तर सुधार कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।

निर्णय १९ : शिक्षातर्फको रकमान्तर सम्बन्धमा देहाय बमोजिम गर्ने :

(क) यस रोङ गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत 'टिपिडि कार्यक्रम' शीर्षकमा रहेको रु. २,५०,०००।- हजारबाट रु. १,६०,८७५।- शैक्षिक सत्र २०८२ मा माध्यमिक शिक्षा परीक्षा (SEE) को तयारी गरिरहेका रोङ गाउँपालिकाभित्रका ९ वटा माध्यमिक विद्यालयमा नियमित अध्ययनरत जम्मा १४३ (एक सय त्रिचालीस) जना विद्यार्थीहरूलाई अतिरिक्त कक्षा सञ्चालन गर्नका लागि प्रति विद्यार्थी प्रति महिना रु. २५०/- का दरले तथा ३ वटा मुख्य विषयका लागि जम्मा ४५ (पैंतालीस) दिन बराबर हुन आउने रकम सम्बन्धित विद्यालयहरूलाई उपलब्ध गराउने । शीर्षकमा भुक्तानी दिने ।

(ख) बाँकी रहेको रु. ८९,१२५।- रकम 'विद्यार्थी अभिलेख पुस्तिका,. शिक्षकले कक्षाकोठामा बिताएको समयको अभिलेख' शीर्षकमा थप गर्ने ।

(ग) 'कक्षा ८ र कक्षा १० को ल्याकत परीक्षा सञ्चालन' गरेबापतको रु. १,५७,८००।- 'शिक्षा विविध खर्च' बाट भुक्तानी दिने ।

प्रस्ताव २० : प्रदेश योजना आयोगको योजना बैंकमा योजना प्रविष्टि गर्ने सम्बन्धमा ।

निर्णय २० : यस गाउँपालिका अन्तर्गत सञ्चालन हुने देहाय बमोजिमको योजना तथा कार्यक्रमहरुलाई कोशी प्रदेश सरकार अन्तर्गतको प्रदेश योजना आयोगको योजना बैंकमा योजना प्रविष्टि गर्ने ।

| क्र.सं. | आयोजना / कार्यक्रमको नाम | ठेगाना | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

प्रस्ताव २१ : गुम्बाडाँडामा खानेपानी व्यवस्थापन गर्ने सम्बन्धमा ।

निर्णय २१ : यस रोङ गाउँपालिकाको वडा नं. २ स्थित गुम्बाडाँडा क्षेत्रमा बसोबास गर्ने नागरिकहरूको खानेपानीको समस्यालाई समाधान गर्न उक्त स्थानमा खानेपानी व्यवस्थापनको कार्य अगाडि बढाउने निर्णय गरियो । सो कार्यका लागि प्राविधिक शाखाबाट लागत अनुमान (Cost Estimate) तयार गरी नियमानुसार योजना सञ्चालन गर्ने र उक्त योजना सम्पन्न भएपश्चात भुक्तानीको व्यवस्था यस गाउँपालिकाको 'लागत साझेदारी कोष' बाट व्यहोर्ने गरी सर्वसम्मतिले निर्णय गरियो ।

प्रस्ताव २२ : विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि गाउँपालिकाले व्यहोर्ने अनुदान रकम सम्बन्धमा ।

निर्णय २२ : 'विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१' बमोजिम लाभग्राही पहिचान भई सूचीकृत भएका प्रभावित घरपरिवारहरूको निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । विपद्

जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को दफा १५ (क) बमोजिम गाउँपालिकाको तर्फबाट लागत साझेदारी सुनिश्चित गर्ने । उक्त बमोजिम लाभग्राही भएका विपद् प्रभावित घरपरिवारहरूको निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यका लागि आवश्यक कुल अनुदान रकमको बीस प्रतिशत (२०%) रकम यस गाउँपालिकाबाट उपलब्ध गराइने ।

| सि.नं. | नाम थर | ठेगाना | विपद भएको मिति | विपद्को किसिम | कुल पाउने अनुदान | व्यहोर्नु पर्ने २०% अनुदान |
|---|---|---|---|---|---|---|
| १ | भीम कुमारी लकाइ खड्का | रोङ-१ | २०८२।०६।१९ | बाढी/पहिरो | ४,००,०००।- | ८०,०००।- |
| २ | चन्द्री माया लकाइ | रोङ-१ | २०८२।०६।१९ | बाढी/पहिरो | ४,००,०००।- | ८०,०००।- |
| ३ | दिननाथ घिमिरे | रोङ-१ | २०८२।०८।०२ | आगलागी | ४,००,०००।- | ८०,०००।- |

प्रस्ताव २३ : हाँसपोखरी बगैंचा व्यवस्थापन सम्बन्धमा ।

निर्णय २३ : रोङ गाउँपालिका, वडा नं. ३ स्थित प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल हाँसपोखरी परिसरमा नवनिर्मित बगैंचा क्षेत्रको थप सौन्दर्यकरण, सुदृढीकरण तथा ढुङ्गा व्यवस्थापन कार्यका लागि नियमानुसार रु. २५,०००/- (अक्षेरपी: पच्चीस हजार रुपैयाँ मात्र) उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो ।

प्रस्ताव २४ : बेरुजू फछर्यौट सम्बन्धमा ।

निर्णय २४ : रोङ गाउँपालिकाको हालसम्मको अन्तिम लेखापरीक्षणका क्रममा महालेखा परीक्षकको कार्यालयबाट औंल्याइएका बेरुजुहरूका सम्बन्धमा विस्तृत छलफल गरियो । प्रचलित कानून बमोजिम बेरुजुको लगतकट्टा गरी वित्तीय सुशासन कायम गर्नुपर्ने आवश्यकतालाई दृष्टिगत गर्दै देहाय बमोजिम गर्ने :

(क) महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएका बेरुजुहरूको वर्गीकरण गरी प्रमाण पेश गर्न सकिने, असुल उपर गर्नुपर्ने र नियमित गर्नुपर्ने बेरुजुहरूको लगतकट्टा प्रक्रिया अगाडि बढाउन लेखा शाखा प्रमुखको नेतृत्वमा एक 'बेरुजु फर्स्यौट कार्यदल' गठन गर्ने ।

(ख) उक्त कार्यदलले बेरुजुसँग सम्बन्धित कागजात, प्रमाण र आधारहरू संकलन गरी, जिम्मेवार व्यक्ति वा पक्षसँग समन्वय गरी यथाशीघ्र बेरुजुको लगतकट्टा गर्ने र बेरुजुको दरलाई न्यून गर्ने (घटाउने) कार्य तत्काल प्रारम्भ गर्ने ।

प्रस्ताव २५ : विद्युतीकरण हुन बाँकी क्षेत्रहरूमा विद्युत विस्तार तथा व्यवस्थापन सम्बन्धमा ।

निर्णय २५ : रोङ गाउँपालिका अन्तर्गतका विभिन्न वडाका बस्तीहरूमा अझै पनि विद्युतीकरण हुन बाँकी रहेको र नागरिकहरू अन्धकारमा बस्नुपरेको वस्तुस्थितिलाई मध्यनजर गर्दै, 'सबैका लागि विद्युत' पुऱ्याउने गाउँपालिकाको नीति अनुरूप रोङ - १ को करेली बस्ती, रोङ - ३ का विद्युत नपुगेका पकेट क्षेत्रहरू, रोङ - ४ स्थित वीर बहादुर राईको घर टोल र रोङ - ५ को कटहरे क्षेत्रमा स्थानहरूमा विद्युतीकरण गर्ने ।

प्रस्ताव २६ : वैदेशिक भ्रमण स्वीकृत गर्ने सम्बन्धमा ।

वि... कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

निर्णय २६ : संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन (Food and Agriculture Organization of the United Nations (FAO) नेपाल र कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सहकार्यमा सञ्चालन भइरहेको *Four Betters Model Village Initiative* अन्तर्गत ८ दिने अध्ययन/अनुभव आदान - प्रदान भ्रमण कार्यक्रम मित्रराष्ट चीनमा आयोजना गरिने भएको छ। यस कार्यक्रम मार्फत् कृषि आधुनिकीकरण, ग्रामीण विकास, वातावरणीय संरक्षण तथा समुदायमुखी विकासका विषयमा अनुभव आदान - प्रदान भई स्थानीय तहमा कार्यक्रम कार्यान्वयनमा थप प्रभावकारिता आउने अपेक्षा गरिएको छ। उक्त कार्यक्रममा सहभागी हुनका लागि यस गाउँपालिकाबाट अध्यक्ष श्री मनि कुमार स्याङ्बो जानुहुने भएकोले वैदेशिक भ्रमण (चीन) स्वीकृत गर्ने।

प्रस्ताव २७ : पाटापुर सडक ग्राभल गर्ने सम्बन्धमा।

निर्णय २७ : रोङ गाउँपालिकाको वडा नं. ६ स्थित पाटापुर क्षेत्रको कच्ची सडक वर्षातको समयमा हिलाम्मे भई यातायात सञ्चालनमा बाधा पुग्ने र नागरिकहरूलाई आवतजावतमा कठिनाई हुने देखिएकोले उक्त सडक खण्डमा ग्राभल गरी बाह्रै महिना सञ्चालनयोग्य बनाउन यस गाउँपालिकाको चालू आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत 'रोङ भित्रका कच्ची सडकहरुको ग्राभल' शीर्षकबाट खर्च र भुक्तानी हुने गरी पाटापुरको कच्ची बाटोमा ग्राभल कार्य तत्काल अगाडि बढाउने।

प्रस्ताव नं. २८ :

आर्थिक सहयोग गर्ने सम्बन्धमा।

निर्णय नं. २८ :

देहायका व्यक्ति तथा संस्थाहरुलाई देहाय बमोजिम आर्थिक सहयोग गर्ने (श्रोत : आर्थिक सहायता):

देहाय :

औषधी उपचार सहयोग

| क्र. सं. | सहयोग पाउनेको नाम, थर | सहयोग गर्नुपर्ने कारण | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | बाल कुमारी राई (रोङ - १) | औषधी, उपचार | १५,०००।- | |
| २ | खड्क सिंह लिम्बू (रोङ - २) | औषधी, उपचार | ३०,०००।- | |
| ३ | सन्तोष दर्जी (रोङ - १) (पिता हुकुमलाल) | औषधी, उपचार | ६,०००।- | |
| ४ | प्रेमराज अधिकारी (रोङ - ३) | २ छोराहरुको औषधी, उपचार | ७०,०००।- | |
| ५ | लिला विश्वकर्मा (रोङ - ६) | औषधी, उपचार | १५,०००।- | |
| ६ | डम्बर कुमारी विश्वकर्मा (रोङ - ६) | औषधी, उपचार | १५,०००।- | |
| ७ | राजु विश्वकर्मा (रोङ - १) | औषधी, उपचार | १५,०००।- | |
| ८ | जेसिका राई (रोङ - २) | औषधी, उपचार | १५,०००।- | |
| ९ | शान्ता राई (रोङ - ३) | औषधी, उपचार | १५,०००।- | |
| १० | लोचन राई (रोङ - १) | औषधी, उपचार | १५,०००।- | |
| ११ | इच्छाराम राई (रोङ - १) | औषधी, उपचार | ६,०००।- | |
| १२ | दुर्गादेवी भण्डारी (रोङ - ) | औषधी, उपचार | १५,०००।- | |

दिलीप कुमार प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १३ | वविता राई (रोङ - ५ ) | औषधी, उपचार | २०,०००।- | |

अन्य सहयोग

| क्र. सं. | सहयोग पाउनेको नाम, थर | सहयोग गर्नुपर्ने कारण | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १२ | विशाल लाप्चा (रोङ - ३) | हाउस वाइरिङ तालिम सहयोग | ५,०००।- | |
| १३ | कैलाश राई (रोङ - ६) | हाउस वाइरिङ तालिम सहयोग | ५,०००।- | |
| १४ | पञ्च बहादुर राई (रोङ - ३) | पहिरोबाट बच्न पर्खाल निर्माण | २५,०००।- | विपद् व्यवस्थापन कोष |
| १५ | अनिस राई (रोङ - ३) | साहित्यिक प्रतियोगितामा सहयोग | २,००,०००।- | प्रतिभाको खोजी र साहित्यिक प्रतिष्ठान बाट |
| १६ | सुनमाई शिवालय मन्दिर (बुद्धशान्ति - ७, झापा) | पुराण लगाउन | १०,०००।- | |
| १७ | चलचित्र पत्रकार संघ, नेपाल (रोङ - ६) | महाधिवेशन सहयोग | १०,०००।- | |
| १८ | उमा महेश्वर मा. वि. (रोङ - ५) | सरस्वती मन्दिर बनाउन | ४०,०००।- | |
| १९ | | फूटबल प्रतियोगिता सहयोग | ३०,०००।- | |

प्रस्ताव नं. २९ :

कार्यालयले विभिन्न सेवा लिए बापतको रकम भुक्तानी सम्बन्धमा।

निर्णय नं. २९ :

कार्यालयले विभिन्न व्यक्ति तथा संस्थाहरुबाट विभिन्न समयमा विभिन्न किसिमका सेवा लिए बापतको रकम देहाय बमोजिम सम्बन्धित शीर्षकबाट भुक्तानी दिने :

**देहाय :**

१. कोशी प्रदेश योजना आयोगमा पेश गर्न 'नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि २०८२' बमोजिम रोङ गाउँपालिकाको पूर्ण प्रस्ताव तयार गरे बापत् लोकनाथ खनाल (बिर्तामोड) लाई माग भए/बिल बमोजिमको रकम भुक्तानी दिने।

२. रोङ गाउँपालिकाको कंकृट मिक्चर मेशिन मर्मत गरे बापत् श्री भवानी देवी ग्यारेज (बिर्तामोड) लाई माग भए/बिल बमोजिमको रकम (रु. २२,९६२।-)भुक्तानी दिने।

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

३. रोङ गाउँपालिका वडा नं. ३ मा रहेको पाथिभरा मन्दिरको सम्बन्धमा अदालतमा मुद्दाको लिखित जवाफ पेश गरी प्रतिरक्षा गरे बापत् अधिवक्ता श्री हरि बहादुर सुवेदी लाई माग भए/बिल बमोजिमको रकम भुक्तानी दिने।

४. रोङ गा.पा. वडा नं. २ को विभिन्न स्थानमा तारजाली आवश्यक परेकोले झापा, गैंडेदेखि बरफल्याङ्, इलामसम्म तारजाली ढुवानी गरेको बापतको गाडीभाडा बापत् २ नं. वडा कार्यालय, बरफल्याङ्गलाई रु. २५,०००।- रकम भुक्तानी दिने।

५. रत्न कुमार वान्तावा बहुप्राविधिक शिक्षालय, इलाम-१ मा सिभिल इन्जिनियरिङ् डिप्लोमा अध्ययनरत विशाल ढकाल (सु.न.पा.-१४) मिति २०८२/०७/१७ गतेदेखि ओ.जे.टि. कार्यक्रम अन्तर्गत यस कार्यालयमा उपस्थित भई कार्यालयले सुम्पिएको थप कार्य समेत गरेकोले सो बापत् निजलाई रु. ५०,०००।- मा ननाघ्ने गरी आर्थिक सुविधा उपलब्ध गराउने।

६. कार्यालयका कार्यालय सहयोगी युद्ध प्रधानले प्रयोग गरिरहेको मोटरसाइकल मर्मत गरे बापत MD Traders, बुद्धशान्तिलाई बिल बमोजिमको रकम भुक्तानी दिने।

७. बरफल्याङ प्रहरी चौकीलाई उपलब्ध गराइएको FZ मोटरसाइकल मर्मत गरे बापत् Brothers Auto parts, बुद्धशान्तिलाई बिल बमोजिमको रकम भुक्तानी गर्ने।

८. झापाबाट रोङ गाउँपालिका, वडा नं. ६, रम्भ्याङसम्म इन्धन ढुवानी गरे बापत खेमराज प्रधान (रोङ - ६) लाई गाडीभाडा रु. ८,०००।- उपलब्ध गराउने।

९. रोङ गाउँपालिका, वडा नं. - ३ स्थित पाथिभरा मन्दिरको बहुमुल्य धातु (सुन/चाँदी) शुद्धीकरण गर्ने कार्य गरेबापत् देवेन गहना गृह, इलामलाई बिल बमोजिमको रकम (रु.१,०६,०००।-) भुक्तानी दिने।

<u>प्रस्ताव नं. ३०</u> :

भेरिएसन आदेश स्वीकृत गर्ने सम्बन्धमा।

<u>निर्णय नं. ३०</u> :

ठेक्का नं. : RRM/ILAM/NCB/WORKS/2082/83-10 रहेको 'Loponmukh Aadibasi Janajati Dalit Simantikrit Barga Bises Krishi Upaj Prasodhan Kendra, Rong - 1' स्तरोन्नति गर्ने कार्य हुँदै गर्दा केही आइटमका परिमाणमा थपघट गर्नुपर्ने भएकोले उक्त योजनाका निर्माण व्यवसायी संस्था Kankai Nirman Sewa, Ilam - 9, Ilam ले पेश गरेको निवेदन तथा भौतिक पूर्वाधार शाखाले पेश गरेको विवरण बमोजिम उक्त योजनाको भेरिएसन आदेश १ स्वीकृत गर्ने।

<u>प्रस्ताव नं. ३१</u> :

८ कक्षा सञ्चालनको अनुमती प्रदान गर्ने सम्बन्धमा।

<u>निर्णय नं. ३१</u> :

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

रोङ गाउँपालिका, वडा नं. ३ स्थित 'सिद्धदेवी विद्या मन्दिर' विद्यालयबाट आधारभूत तह अन्तर्गत कक्षा ८ सञ्चालनका लागि अनुमति माग भई आएको निवेदनमाथि छलफल गर्दा प्रचलित शिक्षा सम्बन्धी कानून, मापदण्ड तथा निर्देशिका बमोजिम आवश्यक पूर्वाधार, शैक्षिक जनशक्ति तथा अन्य आधारहरू पूरा भएको देखिएकाले उक्त विद्यालयलाई कक्षा ८ सञ्चालन गर्न अनुमति प्रदान गर्ने।

प्रस्ताव नं. ३२ :

शैक्षिक वर्ष २०८१ मा सञ्चालित जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा स्वर्ण पदक प्राप्त गर्ने खेलाडी विद्यार्थीहरुलाई नगद पुरस्कार प्रदान गर्ने सम्बन्धमा।

निर्णय नं. ३२ : शैक्षिक वर्ष २०८१ मा सञ्चालित इलाम जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा स्वर्ण पदक प्राप्त गर्ने खेलाडी विद्यार्थीहरुलाई यसअघि दिइएकै दरमा आर्थिक पुरस्कार प्रदान गर्ने।

प्रस्ताव नं. ३३ :

सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा।

निर्णय नं. ३३ :

कार्यालयको सार्वजनिक सुनुवाई गर्ने। प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधीनमा रहेर परामर्शदाता छनौट गरी उक्त कार्यक्रम सञ्चालन गर्ने। (स्रोत : विविध कार्यक्रम खर्च)

प्रस्ताव नं. ३४ :

'उपाध्यक्षसँग युवा/महिला' शीर्षकको रकमबाट विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने सम्बन्धमा।

निर्णय नं. ३४ :

रोङ गाउँपालिकाको चालू आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत योजना तथा कार्यक्रमको 'उपाध्यक्षसँग युवा/महिला' शीर्षकको रकम (रु. ७,००,०००।-)' बाट देहायका कार्यक्रमहरु सञ्चालन गर्ने :

(क) वडा नं. ५ का महिलाहरुलाई साबुन बनाउने ५ दिवसीय तालिम (रु. १,५०,०००।-)
(ख) वडा नं. ४ का महिलाहरुलाई अचार र मस्यौरा बनाउने तालिम (रु. १,८०,०००, ।-)
(ग) वडा नं. २ का महिलाहरुलाई साबुन बनाउने ५ दिवसीय तालिम (रु. १,२०,०००।-)
(घ) कुटीडाँडा चामेटार पक्की नाली निर्माण (रु. १,००,०००।-)
(ङ) चामेटार देउराली ग्राभेल सडक (रु. १,५०,०००।-)

प्रस्ताव नं. ३५ :

चामेटार देउराली ग्राभेल सडक योजना सञ्चालन गर्ने सम्बन्धमा।

निर्णय नं. ३५ :

चामेटार देउराली ग्राभेल सडक योजना सञ्चालन गर्ने। उक्त योजनाको लागि देहायको शीर्षकबाट भुक्तानी दिने :

- ✓ वडा नं. ३ ग्राभेल ढुवानीका लागि ट्र्याक्टर टिप्पर भाडा : रु. ३,२०,०००।-
- ✓ दिगो सडक विकास योजना : रु. १,००,०००।-

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

✓ 'उपाध्यक्षसँग युवा/महिला' : रु. १,५०,०००।-

प्रस्ताव नं. ३६ :

रोङ गाउँपालिका, वडा नं. - ५ स्थित आयुर्वेद संस्थाको लागि केही सामाग्री खरिद गरी वितरण गर्ने सम्बन्धमा।

निर्णय नं. ३६ :

रोङ गाउँपालिका, वडा नं. - ५ स्थित आयुर्वेद संस्थाको लागि १ थान ग्याँस सिलिण्डर, १ थान ग्यास चुल्हो, १ थान, ग्यास रेगुलेटर २ थान, ग्यास पाइप क्लिप ४ थान, ग्यास पाइप २५ मिटर, ग्यास लाइटर १ थान, प्रेसर कुकर १० लिटरको १ थान, १५ थान तौलिया खरिद गरी उपलब्ध गराउने। (स्रोत : विविध खर्च)

प्रस्ताव नं. ३७ :

कुटीडाँडा शौचालय व्यवस्थापन सम्बन्धमा।

निर्णय नं. ३७ :

रोङ गाउँपालिका, वडा नं. - ३ स्थित नवनिर्मित सार्वजनिक शौचालयको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने जिम्मेवारी ३ नं. वडाका अध्यक्ष ज्यूलाई जिम्मेवारी सुम्पने ।

प्रस्ताव नं. ३८ :

डिजिटल भिलेज प्रोफाइल तयार गर्नका लागि नियुक्त सर्भेक्षकहरुका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा।

निर्णय नं. ३८ :

डिजिटल भिलेज प्रोफाइल तयार गर्नका लागि नियुक्त सर्भेक्षकहरुका लागि अभिमुखीकरण कार्यक्रमको तालिका बनाई २०८३ वैशाख १७ गतेभित्र सञ्चालन गर्ने।

प्रस्ताव नं. ३९ :

गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको सचिवालय स्थापना गर्ने सम्बन्धमा।

निर्णय नं. ३९ :

रोङ गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको सचिवालय २ दिनभित्रमा स्थापना गर्ने।

प्रस्ताव नं. ४० :

दोकानडाँडा कोल्बुङ खानेपानी उपभोक्ता समिति, रोङ - ३ लाई अपुग रकम भुक्तानी दिने सम्बन्धमा ।

निर्णय नं. ४० :

दोकानडाँडा कोल्बुङ खानेपानी उपभोक्ता समिति, रोङ - ३ सँग यस कार्यालयले मिति : २०८२/१०/१४ गते योजना सम्झौता गरेको । कुल लागत अनुमान : मू. अ. कर सहित रु. ५,२५,११७।४ रहेकोमा विपदका लागि यस रोङ गाउँपालिकालाई प्राप्त रु. ४०,००,०००।- मध्येबाट रु. १,०२,८६०।- दिने पहिले नै निर्णय भइसकेको अवस्थामा उक्त आयोजनाका लागि नपुग रकम

यस रोङ गाउँपालिकाको चालू आ. व. २०८२/०८३ का लागि स्वीकृत बजेटको 'लागत साझेदारी' बाट भुक्तानी दिने।

प्रस्ताव नं. ४१ :

वडाको योजनामा अपुग रकम थप गर्ने सम्बन्धमा।

निर्णय नं. ४१ :

वडा नं. २ (ह्युम पाइप खरिद) शीर्षकमा रु. १,००,०००।- विनियोजन भएको र कुल लागत अनुमान अनुसार उपभोक्ता समितिको सहभागिता बाहेक नै थप रु. १,५०,०००।- आवश्यक रहेकोले उक्त नपुग रकम 'दिगो सडक विकास योजना रोङ २' बाट व्यहोर्ने।

प्रस्ताव नं. ४२ :

WASH सहितको शौचालय निर्माण गर्ने सम्बन्धमा।

निर्णय नं. ४२ : कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगरको प. सं. ०८२/८३, च. नं. ८११, मिति : २०८२/१२/११ को पत्रमार्फत् जानकारी भए अनुसार यस रोङ गाउँपालिकाको सामुदायिक विद्यालयको लागि WASH सहितको शौचालय निर्माण गर्न रु. ७,००,०००।- (सात लाख रुपैयाँ मात्र) प्राप्त भएकोमा उक्त रकमबाट मोतीराम माध्यमिक विद्यालय, (रोङ - ६) मा शौचालय निर्माण गर्ने।

प्रस्ताव नं. ४३ :

'रोङ ६ खानेपानी मर्मत' योजनाको म्याद थप गर्ने सम्बन्धमा।

निर्णय नं. ४३ : सम्बन्धित उपभोक्ता समितिको निवेदन, भौतिक पूर्वाधार शाखाको राय समेतका आधारमा 'रोङ ६ खानेपानी मर्मत' नामक योजनाको म्याद मिति : २०८३ जेठ मसान्तसम्म थप गर्ने।

प्रस्ताव नं. ४४ :

'कुटीडाँडा चामेटार पक्की नाली निर्माण' का लागि भुक्तानी हुने रकमको प्रबन्ध गर्ने सम्बन्धमा।

निर्णय नं. ४४ :

'कुटीडाँडा चामेटार पक्की नाली निर्माण' का लागि भुक्तानी हुने रकमको प्रबन्ध देहाय बमोजिम गर्ने :

- ✓ उपाध्यक्षसँग युवा/महिला शीर्षकबाट : रु. १,५०,०००।-
- ✓ वडा नं. ३ को राष्ट्रिय रोजगार कार्यक्रम सामाग्री खरिद : रु. ३,००,०००।-
- ✓ राष्ट्रिय रोजगार सञ्चालनको लागि ज्याला रकम : रु. ३,०१,५०७।-
- ✓ रोजगार आयोजना सञ्चालनको लागि गा. पा. को लागत साझेदारीबाट : ५,०४,०८१।-

प्रस्ताव नं. ४५ :

भेरिएसन आदेश जारी गर्ने सम्बन्धमा।

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ४५ : RRM/ILAM/NCB/WORKS/2082/083-11 Loponmukh Aadibashi Janajati , Dalit, Simantakrit Barga Bishesh Krishi Upaj Prasodhan Kenra (Rong 5) को भेरिएसन आदेश नं १ जारी गर्ने ।

प्रस्ताव नं. ४६ :

भाडामा कोठा थप गर्ने सम्बन्धमा ।

निर्णय नं. ४६ : रोङ गाउँपालिका, वडा नं. - ३ कोल्बुङ स्थित श्री दिल कुमार अर्यालको घरमा थप एउटा कोठा भाडामा लिने । निज घरधनीसँग कार्यालयले भाडामा लिंदा भुक्तानी दिने गरेको प्रति कोठाको दरमा नबढ्ने गरी उक्त थप गरिएको कोठाको भाडा दिने गरी नयाँ घरभाडा सम्झौता गर्ने ।

प्रस्ताव नं. ४७ :

योजना संशोधन गर्ने सम्बन्धमा ।

निर्णय नं. ४७ : देहाय बमोजिम योजना संशोधन गर्ने :

| क्र. सं. | साबिक योजनाको नाम | संशोधन भई कायम हुनुपर्ने योजनाको नाम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | हात्ती प्रकोप नियन्त्रण कार्यक्रम | तेलपानी वडा कार्यालय ०६ हुँदै ढुंगे सडक | ५००००० | तेलपानी.. योजनामा थप गरिएको |

प्रस्ताव नं. ४८ :

पाउलो चोक - करिम भन्ज्याङ - देवानछाप सडक निर्माण गर्ने सम्बन्धमा ।

निर्णय नं. ४८ : देहाय बमोजिम योजना संशोधन गर्ने :

स्वीकृत लागत अनुमानका आधारमा पाउलो चोक - करिम भन्ज्याङ - देवानछाप सडक निर्माण गर्ने । उक्त कार्य उपभोक्ता समितिमार्फत् गराउने । सो बापत भुक्तानी गर्नुपर्ने रकम देहायका शीर्षकबाट व्यहोरिने : देहाय :

(क) वडा नं. ५ को लागि एक्स्काभेटर भाडा रु. १०,८०,०००। -

(ख) वडा नं. ५ को ग्राभेल ढुवानीका लागि ट्र्याक्टर टिपर भाडा रु. ७,२०,०००। -

प्रस्ताव नं. ४८ :

शान्ति निकेतन माध्यमिक विद्यालयको जग्गामा रहेको चियाबारी गोडमेल तथा मलजल गराउने सम्बन्धमा ।

निर्णय नं. ४८ :

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

शान्ति निकेतन माध्यमिक विद्यालयको जग्गामा रहेको चियाबारी गोडमेल गराउने। आवश्यक मल लगाउने। सो बापतको रकम रोङ गाउँपालिकाको चालू आर्थिक वर्ष २०८२/०८३ को 'विविध कार्यक्रम खर्च' बाट भुक्तानी दिने। सोपश्चात उक्त चियाबारीको नियमित रेखदेख तथा गोडमेलका लागि रोङ - ३ निवासी श्री जयराम राईलाई मासिक १२,०००।- मा नबढ्ने गरी डोर हाजिरीमा लगाउने। सो बापतको खर्च 'करार सेवा शुल्क' बाट भुक्तानी दिने।

प्रस्ताव नं. ४९ :

भेरिएसन आदेश जारी गर्ने सम्बन्धमा।

निर्णय नं. ४९ : RRM/ILAM/NCB/WORKS/2082/083-12 Loponmukh Aadibashi Janajati , Dalit, Simantakrit Barga Bishesh Krishi Upaj Prasodhan Kenra (Rong 6) को भेरिएसन आदेश नं १ जारी गर्ने।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले गाउँ कार्यपलिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।*

*सही :*

*नाम : विनोद कुमार चौहान,*

*पद : प्रमुख प्रशासकीय अधिकृत*

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत